"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मिति: २०७७/०६/१९

## हार्दिक आभार

विश्वव्यापी महामारीकोरुपमा रहेको कोरोना भाइरस (कोभिड १९) बाट संक्रमित भएको २२ औं दिन आज संक्रमणमुक्त भएको छु । उच्च सजगता अपनाउँदा अपनाउँदै संक्रमित भएर जटिल अवस्थाको सामना गर्दै निको भएर किस्ट शिक्षण अस्पतालबाट डिस्चार्ज भएको छु ।

संक्रमण जोखिम रहँदा रहँदै पनि नगरभित्र कोरोना नियन्त्रण, रोकथाम र उपचारमा क्रियाशील रहनुपर्ने जिम्मेवारीका कारण संक्रमित भए पनि  तपाईहरु सबैको आशीर्वादका कारण अहिले कोरोनालाई जितेर फर्किएको छु ।

कोरोना संक्रमित भएपछि स्वास्थ्यलाभको कामना गर्दै टेलिफोन, सामाजिक सञ्जाल र सञ्चारमाध्यममार्फत शुभेच्छा प्रकट गर्नुभएकोमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालज्यू, संवैधानिक निकायका प्रमुखज्यूहरु, नेपालको प्रथम महिला राधिका शाक्यज्यू, माननीय उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेलज्यू, संघीय तथा प्रदेश मन्त्रीज्यूहरु, बागमती प्रदेश सभाका माननीय सभामुख सानुकुमार श्रेष्ठज्यू, पूर्वमन्त्री गोकर्ण विष्टज्यू, संघीय तथा प्रदेश सभा सदस्यज्यूहरु,  पूर्वमन्त्रीज्यूहरु, राजनीतिक दलका नेताज्यूहरु, जनप्रतिनिधिज्यूहरु, विभिन्न मन्त्रालयका सचिवज्यूहरु, निजामति कर्मचारीहरु, विभिन्न क्षेत्रका अगुवाहरु, आफन्तजन, सञ्चारकर्मी, नगरपालिकाका जनप्रतिनिधिज्यूहरु एवं कर्मचारी वर्ग, साथीभाइ, शुभेच्छुकहरु तथा नगरबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

संक्रमित भएपछिको जटिल स्वास्थ्यका बीच निरन्तर उपचार, निगरानी र हेरचाहमा संलग्न किस्ट शिक्षण अस्पतालको चिकित्सक समूहलाई विशेष धन्यवाद प्रकट गर्दछु ।

औषधि र खोपको निर्माण नभएको अवस्थामा स्वास्थ्य सतर्कता अपनाउँदै नगरको कामलाई पुनः निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दछु । नगरबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरुलाई संक्रमण हुनै नदिन विशेष सावधानी अपनाउन हार्दिक अपिल गर्दछु ।

धन्यवाद ।

.........................
रामेश्वर श्रेष्ठ
नगर प्रमुख

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np